nepalpostdaily .com
# नेपाल पोष्ट डेली
दैनिक

30°C । वर्ष :११, अंक : २७ पृष्ठ ४ । शनिबार,२८ भदौ २०८२ । SATURDAY, SEPTEMBER 13, 2025 .nepalpostdaily.com । मुल्य ५ रुपैंया

## बीरगन्ज-रक्सौल नाकामा कडाइ, परिचयपत्र देखाएर दुवै देशका नागरिकलाई आवागमनको अनुमति

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,२७ भदौ ।***

आन्दोलनपछि देशमा उत्पन्न भएको राजनीतिक शून्यता र सुरक्षा चुनौतीका बीच नेपाल-भारतको प्रमुख नाका वीरगन्ज-रक्सौलमा सुरक्षा व्यवस्था कडा पारिएको छ। देशैभर सेनाले सुरक्षाको जिम्मा लिएर कर्फ्यू र निषेधाज्ञा जारी गरेपछि दुवै देशका नागरिकको आवागमनलाई व्यवस्थित बनाइएको हो । सोमबारको आन्दोलनमा भएको दमनपछि मंगलबारको प्रदर्शन झन् उग्र बनेको थियो । यस क्रममा संसद भवन, सिंहदरबार, शीतलनिवास, सर्वोच्च अदालत र विभिन्न राजनीतिक दलका नेताका घर तथा पार्टी कार्यालयहरूमा समेत आगजनी भएको थियो । यो विध्वंसपछि मंगलबार राति १० बजेदेखि नेपाली सेनाले देशको सुरक्षा व्यवस्था आफ्नो हातमा लिएको छ । यद्यपि, वीरगन्ज-रक्सौल नाका पूर्ण रूपमा बन्द गरिएको छैन। भारतबाट नेपाल आउने नेपाली नागरिक र नेपालमा फसेका भारतीय नागरिकहरूलाई परिचयपत्र देखाएर आ-आफ्नो देश फर्कन अनुमति दिइएको छ। यसले संकटको घडीमा पनि अत्यावश्यक आवागमनलाई सहज बनाएको छ। सडकमा छिटपुट चहलपहल बढे पनि सुरक्षाकर्मीहरू उच्च सतर्कताका साथ तैनाथ रहेका छन् ।



## बीरगन्ज कारागारमा भएको तोडफोड र भाग्ने प्रयास असफल

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,२७ भदौ ।***

पर्सास्थित बीरगन्ज कारागारमा भएको तोडफोड र भाग्ने प्रयासको घटनामा कुनै पनि कैदीबन्दी भाग्न नसकेको कारागार प्रशासनले स्पष्ट पारेको छ। कारागार प्रशासक बाबुलाल रेग्मीले जारी गरेको सूचनाअनुसार, भदौ २४ गते राति ११ बजेदेखि सुरु भएको घटनामा कैदीबन्दीहरूले सीसीटीभी क्यामेरा फुटाउने र भित्री संरचना ध्वस्त पार्ने प्रयास गरेका थिए ।

कैदीबन्दीहरूले कारागारको बाहिरी पर्खालका तीन स्थानमा भत्काएर भाग्ने पटकपटक प्रयास गरे पनि सुरक्षाकर्मीले विभिन्न रणनीति अपनाएर उनीहरूलाई बाहिर निस्कन दिएनन् । प्रशासनका अनुसार यस घटनामा कुनै पनि मानवीय क्षति भएको छैन र कारागारमा रहेका सबै कैदीबन्दीहरू पूर्ण रूपमा सुरक्षित छन् । हाल कारागारको अवस्था सहज र नियन्त्रणमा रहेको बताइएको छ । कारागार प्रशासनले यस घटनाबारे कैदीबन्दीका परिवार, आफन्तजन तथा सबै सरोकारवालाहरूलाई जानकारी गराएको छ ।




## "जेन-जी" आन्दोलनमा राजस्व संरचना तहसनहस अनलाइनमार्फत कर संकलन सुचारु

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,२७ भदौ ।***

'जेन-जी' आन्दोलनका क्रममा मुलुकभरका १४ आन्तरिक राजस्व कार्यालय र ५ भन्सार कार्यालय पूर्णरूपमा ध्वस्त भएका छन् । अर्थ मन्त्रालयले यसलाई गम्भीर क्षति ठहर गर्दै वैकल्पिक व्यवस्था अन्तर्गत अनलाइन प्रणालीमार्फत राजस्व संकलन र भन्सार जाँचपास निरन्तर रहेको जनाएको छ। अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेका अनुसार दमक, इटहरी, विराटनगर, लहान, जनकपुर, सिमरा, हेटौंडा, वीरगञ्ज, बुटवल, भैरहवा, नेपालगञ्ज, दाङ, धनगढी, डडेलधुरा र पोखरा स्थित आन्तरिक राजस्व कार्यालयहरू पूर्णरूपमा नष्ट भएका छन् । यस्तै कृष्णनगर, धुलिखेल, इलाम र सिन्धुलीका कार्यालय आंशिक क्षतिग्रस्त भएका छन् । भन्सार कार्यालयतर्फ मेची, भद्रपुर, भैरहवा, कैलाली र जनकपुर पूर्णरूपमा जलेका छन् भने विराटनगर, नेपालगञ्ज, भैरहवा र ठाँडीमा आंशिक क्षति पुगेको मन्त्रालयले जनाएको छ । भौतिक कार्यालय ध्वस्त भए पनि आईएसपी प्रणाली सुरक्षित रहेकाले कर संकलन अनलाइनबाटै सुरु गरिएको मन्त्रालयले स्पष्ट पारेको छ। भन्सार कार्यालयहरूले पनि अत्यावश्यक आयातमा अवरोध नआओस् भनी अनलाइन प्रणालीमार्फत जाँचपास सुरु गरिसकेका छन् । आन्दोलनका क्रममा अर्थ मन्त्रालयकै परिसरमा रहेको बजेट महाशाखा पूर्णरूपमा जलेको छ। साथै, झन्डै १५ गाडी र ठूलो संख्यामा मोटरसाइकल समेत नष्ट भएको मन्त्रालयले जानकारी दिएको छ। मुख्य भवन भने सुरक्षित रहेको छ। प्रवक्ता पाण्डेका अनुसार, नयाँ सरकार गठनसँगै आवश्यक पूर्वाधार र प्रणालीगत तयारीसहित मन्त्रालयका सबै सेवाहरू चरणबद्ध रूपमा सुचारु गरिनेछ । नागरिक सेवा प्रभावित नहोस् भन्ने उद्देश्यले वैकल्पिक माध्यमबाट सेवा निरन्तरता दिने समन्वय भइरहेको उनले बताए ।




## राजनीतिक संकट समाधानका लागि पर्सेली पत्रकारहरूद्वारा मौन प्रदर्शन

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,२७ भदौ ।***

देशमा जेनजी आन्दोलनले निम्त्याएको राजनीतिक शून्यता र अन्योलको अवस्थालाई सम्बोधन गर्न पर्साका पत्रकारहरूले संविधानलाई टेकेर निकास खोज्न मौन प्रदर्शन गरेका छन् । नेपाल पत्रकार महासंघ, पर्सा शाखाको आह्वानमा भएको यो प्रदर्शनमा करिब दुई दर्जन पत्रकारहरूको सहभागिता रहेको थियो । नेपाल पत्रकार महासंघ पर्सा शाखाका अध्यक्ष ओमप्रकाश खनालको नेतृत्वमा पत्रकारहरूले देशलाई ठूलो दुर्घटनाबाट जोगाउनका लागि जेनजी का मागहरूलाई संविधानको दायराभित्रै रहेर सम्बोधन गर्नुपर्नेमा जोड दिएका छन् । उनीहरूले वर्तमान संवैधानिक व्यवस्थालाई नै आधार मानेर देशलाई अगाडि बढाउनुपर्ने माग राखेका छन् । प्रदर्शनमा महासंघका केन्द्रीय सचिव अशोक तिवारी र केन्द्रीय लेखा संयोजक केसी लामिछाने सहित विभिन्न राजनीतिक दल निकट पत्रकार संगठनका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । देशको वर्तमान संकटको समाधानका लागि चिन्तित रहेको र शान्तिपूर्ण तथा संवैधानिक बाटोबाट नै समाधान खोज्नुपर्छ भन्ने सहभागी पत्रकारहरुको धारणा रहेको थियो ।




## संविधान र लोकतन्त्रको संरक्षणका लागि रौतहटमा कांग्रेसको प्रदर्शन

***रौतहट,२७ भदौ ।***

नेपाली कांग्रेसले संविधान र लोकतन्त्रको रक्षाको मागसहित शुक्रबार रौतहट जिल्लाभर शान्तिपूर्ण प्रदर्शन सम्पन्न गरेको छ। पार्टीका विभिन्न तहका नेतादेखि कार्यकर्तासम्म उल्लेख्य संख्यामा सहभागी भएका थिए । गरुडा बजारमा प्रदर्शनकारीहरूले संविधान बचाउनुपर्ने मागसहित मूल सडक परिक्रमा गर्दै प्लेकार्ड बोकेर नारा जुलुस गरेका थिए । उनीहरूले "संविधानको रक्षा गर, राष्ट्रपतिलाई सार्वजनिक गर" भन्ने नारासमेत लगाएका थिए। कार्यक्रममा मेयर प्रत्यासी सुनिलकुमार यादव, उपमेयर प्रत्यासी पुनम कुमारी चौधरी, वृन्दावनका पूर्व मेयर रामसिनेही यादव, वडा अध्यक्ष प्रत्यासी रमेश प्रसाद यादवलगायत जिल्ला र नगर तहका नेताहरू उपस्थित थिए। उनीहरूले संवैधानिक शासन निरन्तरता नै स्थायित्व र जनअधिकार सुरक्षित गर्ने आधार हुने बताए । यस्तै, फतुवा विजयपुर नगरपालिकाको विजयपुर बजारमा युवा नेता ज्ञानेन्द्र प्रसाद यादवको नेतृत्वमा

बाँकी तेश्रो पृष्ठमा⇨



## बीरगन्ज भन्सारमा अत्यावश्यक वस्तुको जाँचपास सुरु

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,२७ भदौ ।***

जेनजी आन्दोलनका कारण दुई दिनसम्म ठप्प बनेको बीरगन्ज भन्सार कार्यालयको सेवा बिहीबारदेखि आंशिक रूपमा सुचारु भएको छ । नेपालकै सबैभन्दा बढी राजस्व संकलन गर्ने यो कार्यालयमा आन्दोलनका कारण

बाँकी तेश्रो पृष्ठमा⇨

## शुक्रबार दिनभर भएन वार्ता सुशीला कार्की बल्ल शितल निवास जाँदै

***काठमाडौं,२७ भदौ ।***

काठमाडौं । राष्ट्रपति रामचन्द्र पौडेल र आन्दोलनरत जेनजी समूहबाट अन्तरिम सरकारको नेतृत्वका लागि प्रस्तावित पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीबीच शुक्रबार बिहान गर्ने भनिएको वार्ता बल्ल सुरु हुने भएको छ । कार्कीलाई राष्ट्रपति पौडेलले शितलनिवास बोलाएका छन् । जेनजी नेता सुदन गुरुङका अनुसार शुक्रबार दिनभर संविधानविद् ओमप्रकाश अर्याल, अधिवक्ता रमन कर्ण र राषट्रपतिका सल्लाहकार बाबुराम कुँवरबीच मात्रै वार्ता भएको थियो ।

अहिले पूर्वप्रधानन्यायाधीश कार्कीलाई पनि बोलाइएको शितलनिवास स्रोतले जनाएको छ । राष्ट्रपति पौडेल आन्दोलनरत जेनजी समूहबाट अन्तरिम सरकारको नेतृत्वका लागि प्रस्तावित पूर्वप्रधानन्यायाधीश शुशीला कार्कीलाई प्रधानमन्त्री नियुक्त गर्न सहमत भएका छन् । तर जेनजी समूहरुले सर्तका रुपमा अघि सारेको संसद् विघटको एजेन्डामा भने अझै सहमति जुट्न सकेको छैन । अन्तरिक सरकार गठनका लागि संवैधानिक प्रावधानको विषयमा राष्ट्रपति पौडेल, पूर्वप्रधानन्यायाधीश कार्की, प्रधानसेनापति अशोकराज सिग्देल, राष्ट्रपतिका कानुनी सल्लाहकार बाबुराम कुँवरबीच बिहीबार राति साढे १० बजेदेखि शुक्रबार बिहानसम्म साढे ३ बजेसम्म वार्ता भएको थियो ।

'हामी अझै पनि संसद् विघटन हुनुपर्ने मागमा अडिक छौं,' गुरुङले भने, 'त्यसका लागि राष्ट्रपतिज्यू सकारात्मक देखिनु भएको छैन । हाम्रा कानुन व्यावसायी ओमप्रकाश अर्याल र रमन कर्णले राष्ट्रपतिका कानुनी सल्लाहकारसँग वार्ता गरिरहनु भएको छ ।'



## नेपाल पोष्ट डेलीका लागि

| | |
|---|---|
| प्रकाशक | :- नेपाल पोष्ट मिडिया प्रा.लि. |
| सम्पादक | :- मनोज पटेल |
| कार्यकारी सम्पादक | :- संतोष साह |
| सह-सम्पादक | :- सरोज पटेल |
| सम्पर्क कार्यालय | :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल |
| मुद्रक | :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा |

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


## सम्पादकीय

# सेनाले सुरक्षामा ध्यान देओस्, संवाद राष्ट्रपतिले गरुन्

जेनजी पुस्ताको विद्रोहपछिका तीन दिनसम्म राजधानी काठमाडौंलगायत देशका प्रमुख सहरहरुमा शान्तिसुरक्षाको स्थिति नाजुक छ । भाटभटेनीलगायत व्यापारिक कम्प्लेक्समा लुटपाट चलेकै छ । आन्दोलनकारीका नाममा अराजक समूहले जथाभावी झोसेका आगो निभिसकेको छैन । यस्तोमा शान्ति सुरक्षाको सम्पूर्ण जिम्मेवारी लिएको नेपाली सेनाले सशस्त्र र नेपाल प्रहरीको साथ लिएर जतिसक्दो छिटो जनजीवन सामान्य बनाउनुपर्ने खाँचो देखिएको छ । त्रिभुवन अर्न्तराष्ट्रिय विमानस्थल खुले पनि असुरक्षाको कारण देखाउँदै सार्वजनिक यातायात संचालनमा आउन सकेको छैन । काठमाडौं आएका थुप्रै मानिसहरु यतै थुनिएका छन् । दिनरातको निषेधाज्ञा र कर्फ्यूले जनजीवन अस्तव्यस्त छ । खाद्यान्न, तरकारीलगायत दैनिक उपभोग्यबस्तुको अभाव हुन थालेको छ भने बजारभाउ पनि आकाशिएको छ ।नेपाली इतिहासमै सबैभन्दा ठूलो ध्वंश यसपटक भएको छ । भ्रष्टाचार, बेथिति र नेपो-बेबीका कारण व्यवस्था बदलिए पनि आमनागरिकको अवस्था फेरिएन भन्ने निशाराको 'भाष्य'बाट उठेको आन्दोलनले नागरिककै मनोबल गिराएको छ । राज्यका प्रमुख अंग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाका संरचना भताभुङ पारिएको छ । एक हिसाबले मुलुक शून्यतामा गएको छ । यस्तोमा नेपाली सेनाको अर्जुनदृष्टि शान्ति सुरक्षामै हुनुपर्छ । अन्तरिम सरकार गठनका लागि प्रधान सेनापति अशोकराज सिग्देलले गरेको पहल र तौरतरीकालाई लिएर सेनाप्रति आशंका पनि उत्पन्न नभएको हैन । तर, ती आशंकालाई असत्य साबित गर्दै नेपाली सेना वर्तमान संविधान, शासन व्यवस्था र नागरिक सरकारकै पक्षमा देखिनेमा आमअपेक्षा छ । सबैभन्दा पहिले सुरक्षा सुव्यवस्था कायम गरी जतिसक्दो छिटो जनजीवन सामान्य बनाउन जरुरी छ । त्यसका लागि आवश्यक परे आमनागरिक, नागरिक समाज, जेनजी समूहहरु र दलहरुकै पनि साथ लिन सकिन्छ । अहिलेको संक्रमणको निकासले मात्र पनि आमनागरिकको मनोबल उठ्न सक्छ । जेनजी विद्रोह उत्कर्षमा पुगेपछि अन्तरिम सरकार निर्माणको कसरत चलिरहेको छ । आन्दोलनकारी विभाजित र नेतृत्वविहिन हुँदा स्वार्थ समूहको चलखेल पनि उत्तिकै चलेको छ । आन्दोलनका कारण अघिल्लो केपी ओली सरकार बिस्थापित भएको हो । तर, संविधान, राष्ट्रपति, उपराष्ट्रपति, संसद् र दलहरु बिस्थापित भएका छैनन । यस्तोमा अन्तरिम सरकार गठनको पहल र संवादका लागि सेनाले राष्ट्रपति रामचन्द्र पौडेललाई सघाउनुपर्छ । किनभने, आन्दोलनरत पक्ष र अन्य सरोकारवाला तथा कुनै सरोकार नभएका पात्रहरुलाई समेत प्रधानसेनापति आफैले जङ्गी अड्डा बोलाएर छलफल गरेका दृश्य लोकतान्त्रिक व्यवस्थाका लागि शोभनीय छैनन् । इतिहासको यो कठिन मोडमा राष्ट्रको एक मात्र भरोसाको केन्द्र नेपाली सेना हो ।

# जंगीअड्डा होइन लोकतन्त्रको आँगन

**युग पाठक**

भदौ २३-२४ को जेन-जी विद्रोहपछि मुलुक एकाएक संकटग्रस्त हुन पुगेको छ । संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपति भवनलगायत राज्यका खम्बाहरू खरानी बनाइएको छ । भवन सँगसँगै ती संस्थाहरू पनि धराशायी अवस्थामा छन् । देश सरकारविहीन छ, सडक सेनाको नियन्त्रणमा छ र जनजीवन कर्फ्युको घेराभित्र त्राहिमाम् छ । राजनीति मात्र होइन, देशको आर्थिक संरचना पनि ध्वस्तप्रायः छ । आपसी विश्वासको धागो टुटेको जस्तो, सबैले सबैलाई शंकाको नजरले हेरिरहेजस्तो, सामाजिक मनोविज्ञानमा सल्किएको आगो झनै खतरनाक देखिन्छ । आखिरमा देश भनेको के हो ? भूगोलको सीमाले भन्दा धेरै विचारको धागोले गाँसिएका जनताको साझा तागत न हो । सीप र सेवा, उत्पादन र व्यापार, प्रत्येक गाउँसहर तथा संघसंस्थाको नेतृत्व र सहकार्य, ज्ञान र अनुभवको निरन्तर आदानप्रदान र विकास, यस्तै-यस्तै प्रक्रियाको साझा थलो नै देश हो । जनताको सबै साना-साना सामूहिक प्रयत्नहरूलाई बृहत्तर रूपमा जोड्न र समन्वय गर्न राज्य बनेको छ । त्यसैले राज्य चलाउने भनेको देश चलाउने कुरा हो । बिनामियोको दाइँ हुँदैन भनेझैं बिनाराजनीतिको राज्य हुँदैन । त्यसैले एक झट्कामा सरकार पतन हुने स्थिति आउँदा देश नै संकटमा पर्ने रहेछ । आपसी विश्वासको धागो चुँडिएझैं हुँदोरहेछ, सामाजिक जीवन अनिश्चयको भुमरीमा फँस्दोरहेछ । अहिले हामीले



भोगिरहेको त्रासदी त्यही हो ।

यो त्रासदीबाट मुक्त भएर फेरि सामान्य जीवनमा फर्कन पनि पहिलो गाँठो राजनीतिकै सुल्झाउनुपर्‍यो । लोकतान्त्रिक प्रणालीमा राजनीतिको जिम्मा लिने धरोहर भनेको राजनीतिक दलहरू नै हुन् । जेन-जी विद्रोहले तिनै दलहरूलाई किनारामा धकेलिदियो, प्रतिरक्षात्मक बनाइदियो । रातारात जननिर्वाचित संसद् नै कोमामा पुग्यो । यस प्रकार राजनीति फटाकसे हुत्तिएर सेनाको पटांगिनीमा पुगेझैं भयो । जंगीअड्डामा राजनीतिको भविष्य कोर्ने क्याम्पफायर चलिरहेझैं देखियो । राष्ट्रद्रोहको मुद्दा चलिरहेका दुर्गा प्रसाईं जस्ता असान्दर्भिक व्यक्तिसँग भेटेको तथ्य सार्वजनिक भयो । समाजलाई पछाडि लैजान चाहने यस्तै अरू पक्षसँग पनि भेटेको हुन सक्ने आशंका बढेको छ । जबकि, ती जेन-जी विद्रोहको सरोकारवाला र सहयात्री होइनन् । यहाँसम्म आइपुग्दा जेन-जीको कभरमा झोसिएको आगो लोकतन्त्रमा त झोसिएको थिएन भन्ने गम्भीर प्रश्न खडा भएको छ । लोकतन्त्रका धरोहर संस्थाहरू सिंहदरबार (कार्यपालिका), संसद् भवन (व्यवस्थापिका), सर्वोच्च अदालत (न्यायपालिका) मा सल्काइएको आगो कतै संघीय लोकतान्त्रिक गणतन्त्रमा त सल्काउन खोजिएको थिएन ? सीमान्तकृत समुदाय, महिला, दलित, अल्पसंख्यक, आदिवासी, मधेशी, थारू आदिको समानुपातिक र समावेशी अधिकार ग्यारेन्टी गर्ने संविधानमा त कतै त्यो आगो हुरहुरी पार्न खोजिएको थिएन ? कोतपर्वको रगताम्य पटांगिनीबाट सत्ता हत्याउने जंगबहादुर राणाको नाममा राखिएको र अझैसम्म जंगीअड्डा भन्ने गरिएको सैनिक मुख्यालयको बैठक कोठामा आखिर के खिचडी पाकिरहेको छ ?

**जेन-जी विद्रोहका एजेन्डा**

जेन-जी शब्द अहिले मुखमुखमा झुन्डिएको छ । आखिर जेन-जी हुन् को ? जेनेरेसन जेड (अंग्रेजी वर्णमालाको अन्तिम अक्षर जेडबाट नाम राखिएको 'जेड-पुस्ता') लाई छोटकरीमा जेन-जेड र प्रविधिको भाषामा जेन-जी भनिएको यो पुस्तालाई सन् १९९७ देखि सन् २०१२ को बीचमा जन्मिएको पुस्ता मानिएको छ । डिजिटल प्रविधि, मोबाइल, सामाजिक सञ्जाल र इन्टरनेटमा अभ्यस्त मानिएको यो पुस्ता आखिरमा सामाजिक सञ्जाल बन्द गर्ने सरकारी निर्णयबाट रिसायो भनिन्छ । जस-जसले जुन-जुन कुनामा बसेर टिकटक तथा अरू सुचारु सञ्जालबाट आह्वान गरेको भए पनि जेन-जी आन्दोलनको एजेन्डा भ्रष्टाचारको विरोध, सुशासन, नातावाद/कृपावादको अन्त्य र सामाजिक सञ्जाल सुचारु हुनुपर्ने नै थियो । सरकारी बन्दुकले कलिला युवाको हत्या गरेपछि आन्दोलनले अचानक विद्रोहको रूप लियो । त्यो विद्रोहले मुलुकमा स्थापित राजनीतिक संस्थापनलाई नै तहसनहस पारिदियो । जेन-जी आन्दोलनको कुनै देखिने संगठन थिएन, नेतृत्वको अनुहार थिएन र सबैभन्दा महत्त्वपूर्ण कुरा कुनै वैचारिक स्वरूप थिएन । तसर्थ देशको संस्थागत स्थापत्य नै खरानी भइसकेपछि वार्तामा बस्नका लागि ऊसँग कुनै स्पष्ट वैचारिक खाका पनि थिएन ।आन्दोलनको मुख्य एजेन्डा नै नीतिगत र विधिगत भएको हुनाले विद्यमान संविधानमा अन्तरनिहित दर्शन र विचारलाई नै जेन-जी प्रतिनिधिहरूले आत्मसात् गर्नु एक मात्र उपाय रहन गएको छ । तर, घटनाक्रमलाई केलाएर हेर्दा केही आश्चर्यजनक राजनीतिक मोडहरू जेन-जी आन्दोलनले सामना गर्नुपरेको र गरिरहेको देखिन्छ । जेन-जी आन्दोलनमा एक पाइला नहिँडेका र फेसबुकको

बाँकी तेश्रो पृष्ठमा

# अहिले हामी कहाँ छौं ?

**सन्जिब हुमागाईं**

हातहरू थरथर कामेका छन् । दिमागले काम गरेको हो कि छैन जस्तै भएको छ । कुन सूचना सही, कुन गलत ठम्याउन कठिन भएको छ । फोन आउँछन् । म्यासेज आउँछन् । सबैको प्रश्न एकै छ- अब के हुन्छ ? विश्व इतिहासलाई हेरौं । दोस्रो विश्वयुद्धपश्चात् संसारभर देशको संख्या धेरै वृद्धि भयो । त्योभन्दा अगाडि २०-३० वटा सग्ला देशहरूको इतिहास थियो, विश्व इतिहास । कुन अवस्थामा देशहरूको विकास कसरी हुन्छन् ? देशहरूलाई कसरी लोकतान्त्रिक बनाउन वा साम्यवादी क्रान्ति सफल बनाइन सकिन्छ भन्ने बहसले प्राथमिकता पायो । सन् १९५० को दशकमा कुनै पनि देश आर्थिक रूपमा विकसित भयो भने लोकतान्त्रिक हुन्छ भन्ने सिद्धान्त प्रतिपादन भयो । त्यसलाई आधुनिकतावाद अर्थ 'मोर्डनाजेसन' को सिद्धान्त भनियो । धेरैले यसलाई अनुसरण गरे । साम्यवादी क्रान्ति सफल हुन थिचोमिचोमा रहेका नागरिकहरूमा चेतना आउनुपर्छ भन्ने मार्क्सवादी चिन्तनको निरन्तरता र परिष्करण पनि अघि बढ्यो । तर सन् १९६० को अन्त्यतिर यस्ता विचारहरू दुईतर्फी आक्रमणमा पर्‍यो । एकातर्फ आर्थिक र लोकतान्त्रिक विकास सँगसँगै हुन् सक्दैन भन्ने तर्कले थप बल प्राप्त गर्‍यो । लोकतान्त्रिक विकासका लागि राजनीतिक व्यवस्था अर्थात् 'पोलिटिकल अर्डर' अनिवार्य सर्त रहेको तर्क गरियो । अर्कोतर्फ, आर्थिक विकासपछि देशभित्र वर्ग र समूहको शक्ति संघर्ष तथा सन्तुलनको अवस्थाले राजनीतिको भविष्य निर्धारण गर्ने तर्कको स्वीकारोक्ति बढ्दै गयो । सन् १९६० र १९७० मा प्रतिपादन भई अहिले पनि राजनीतिक विश्लेषणको केन्द्रबिन्दुमा रहेका यस्ता अर्थ-राजनीतिक सिद्धान्तहरू किनारामा राखेर गरिने राजनीतिक चिन्तन र विश्लेषणले हाम्रो वास्तविक अवस्थालाई पहिचान गर्न, बुझ्न र उपाय अवलम्बनमा कमजोर रह्यौं । कठिन परिस्थिति छ । तर हामीलाई आधारभूत प्रश्नहरूलाई थाती राख्ने छुट पनि छैन । जे हुनु भइसक्यो अब सबै मिलेर राम्रो, थप राम्रो, झन् राम्रो गर्ने हो ।यस्तै सैद्धान्तिक बहसका क्रममा देश लोकतान्त्रिक हुन र आर्थिक विकास हासिल गर्न कस्तो कस्तो राजनीतिक संस्कार आवश्यक हुन्छ र कसरी निर्माण गर्न सकिन्छ भन्नेमा बहस केन्द्रित भयो । अहिलेसम्म पनि यो बहस निरन्तर छ । अहिलेसम्मको बहसको निष्कर्ष यसरी हेर्न सकिएला- कुनै पनि प्रकारको राजनीतिक प्रणालीले काम गर्न सबैभन्दा पहिला प्रभावकारी राज्य आवश्यक हुन्छ । प्रभावकारी राज्य, कानुनी शासन र पारदर्शिता भयो भने देशलाई सहज ढंगले सञ्चालन गर्न सकिन्छ । त्यसमा जनताबीच राम्रो विश्वासको वातावरण पनि अपरिहार्य हुन्छ । कसैले यसलाई राष्ट्रिय पहिचान भनेका छन् त कसैले सामाजिक पुँजी । हाम्रो प्रश्न यस्ता संस्थाहरू कसरी विकसित गर्न सकिन्छ ? के कुरा यस्ता संस्था विकासमा बाधक थिए ? अहिले नै सकिने के छन् र अलि समय लाग्ने के छन् ? त्यसको उपयुक्त विधि के हुन् सक्दछ ? जस्ता प्रश्नहरूलाई हामीले अहिलेदेखि नै पर्याप्त स्थान दिनुपर्छ । जब हामी यस्ता प्रश्नमा इमानदार हुन्छौं, सार्थक संवाद सम्भव हुन्छ । हामीसँग सही प्रश्न र प्रकार्यवादी अर्थात् 'फङ्सनल' सोच भयो भने अहिलेको संकटबाट पक्कै पनि असल नतिजामा पुग्न सक्छौं । अब अहिलेको हाम्रो वर्तमानको विवेचना गरौं । सबैलाई देशको चिन्ता छ । सबैलाई देशको माया छ । सबै आत्तिएका छन् । देशबाहिर बसेका नागरिकहरू झन् आत्तिएका छन् । अहिलेको राजनीतिक निकासको संवादमा रहेका सबैले यो तथ्यलाई मनन गर्नु अपरिहार्य छ । साझा मतहरूलाई खोज्दै, विमति भएका विषयमा निरन्तरको छलफललाई आत्मसात् गर्नुपर्छ । आखिरमा हामीले विकसित गर्ने भूगोल यही हो र खुसी बनाउन खोजेका नागरिकहरू हामी नै हौं । हामी सबैले हातेमालो गर्नुको विकल्प होला र ? सुधारको प्रस्थानबिन्दु नै त्यही हो । यो देश सामाजिक रूपमा विविधताले भरिएको छ । नागरिकहरू बाध्यताले संसारभर छरिएर काम गरिरहेका छन् । कृषि क्षेत्रकेन्द्रित अर्थतन्त्रबाट वैदेशिक रोजगारीको विप्रेषणको ढाडमा टेकेर सेवा क्षेत्रमा प्रवेश गरेको हाम्रो अर्थतन्त्रले संसारको विरलै देशले अनुभव गरेको सामाजिक रूपान्तरण ल्याएको छ । परिवार, समाजको संरचनामा आमूल परिवर्तन आएको छ । पञ्चायत, प्रजातन्त्र, सशस्त्र युद्ध, संघीय लोकतन्त्र हुँदै अब परीक्षण गर्न बाँकी व्यवस्था के छ भन्ने जबर्जस्त प्रश्न पनि हाम्रो अगाडि छ । हाम्रो राजनीतिले यस्तो विविधता, सामाजिक रूपान्तरणलाई अनुभूति, मनन र विश्लेषण गर्न सकेन । सारमा सबैभन्दा ठूलो गुनासो त्यही थियो । अहिलेको संवादमा त्यसलाई हल गर्ने छन्द देखिएन भने यो विषम परिस्थितिबाट पार नपाइने मात्रै होइन, देश ठूलो संकटमा फस्छ । यो राष्ट्रिय आवश्यकतालाई तीन करोड नेपालीले अनुभूति गर्नुपर्छ र सबैले आफ्नो स्थानबाट सहयोग गर्नुपर्छ । यस्तो अवस्थामा भदौ २३ र २४ गते जे नहुनु थियो, भइसक्यो । के भयो ? कसरी भयो ? किन भयो ? इतिहासले निरन्तर समीक्षा गर्नेछ । अहिले आँखाअगाडि अब के र कसरी गर्ने भन्ने प्रश्न छ । तर देश चलाउने, नागरिकहरूको जीवन रक्षा गर्ने, राष्ट्रिय सुरक्षालाई चुस्तदुरुस्त राख्ने र समुन्नत जीवनको जिम्मेवारी लिने काम अब, अहिले मात्रै कुरा गरेर पुग्छ ? एउटा कुरा प्रस्ट पारौं । हामीले प्रश्नहरूलाई जतिजति साँघुरो बनाउँछौं, हाम्रो संवाद त्यति त्यति गलत 'ट्र्याप' मा फस्छ । यसैले प्रश्नहरूलाई फराकिलो बनाउनु अहिले सबैको हितमा हुन्छ । जब दर्दनाक दुर्घटनाको एउटा घाइते बिरामी अस्पतालमा ल्याइन्छ, डाक्टरहरूले प्राथमिक उपचारबाट सुरु गर्छन् । तर, सुरुका हरेक उपचारहरू त्यसपछि, त्यसपछिको उपचारका पूर्वतयारी हुन्छन् । खासगरी बीचमा आउन सक्ने सबै समस्याहरूलाई पूर्ण परिकल्पना गरिन्छ । अन्तिममा बिरामीलाई कहिलेसम्म निको पार्ने भन्ने एउटा रोडम्याप बन्छ । उपचार सोही रोडम्यापमा टेकेर निरन्तर हुन्छ । प्रश्न गरौं । असल प्रश्नहरूलाई पाखा लगाएर गरेको संवादबाट जटिल समस्याका सही समाधान निकाल्न कठिन हुन्छ । प्रश्नहरूलाई जटिल होइन सरल र असल बनाउनेतर्फ सबैको ध्यान जानुपर्छ । राजनीतिक संवादका अग्रसर सबैले इतिहासले दिएको जिम्मेवारीको कर्तव्यबोध गर्नुपर्छ । ६ महिना, एक वर्षपछि निर्वाचन हुन्छ अनि सब ठीकठाक हुन्छ भन्ने भाष्यले अहिले कोही पनि

बाँकी तेश्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय समाचार

## प्यालेस्टाइन राज्य स्वीकार छैन, यो हाम्रो भूमि हो : नेतन्याहु



***काठमाडौं,२७ भदौ ।***

आफ्नो सेनाको कब्जामा रहेको वेष्ट बैंकमा यहुदी बस्ती बसाल्ने योजनालाई इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले आधिकारिक रुपमा अगाडि बढाएका छन् । बिहीबार नेतन्याहुले कुनै प्यालेस्टाइन राज्य स्वीकार नहुने भन्दै त्यो भूमिमा इजरायल भएको अभिव्यक्ति दिएका छन् । कयौं पश्चिमी देशहरूले प्यालेस्टाइनलाई मान्यता दिने घोषणा गरिरहँदा बिहीबार नेतन्याहुले वेस्ट बैंकमा एक प्रमुख यहुदी बस्ती परियोजनाको लागि हस्ताक्षर समारोहमा बोल्दै यो कुरा भनेका हुन् । यो समारोह जेरुसेलमको पूर्वमा रहेको यहुदी बस्ती माले अदुमिममा आयोजना गरिएको थियो । यस कार्यक्रमको प्रत्यक्ष प्रसारण गरिएको थियो । 'हामी हाम्रो वाचा पूरा गर्नेछौं कि त्यहाँ कुनै प्यालेस्टिनी राज्य हुनेछैन । यो भूमि हाम्रो हो' कार्यक्रममा नेतन्याहुले भने । आफूहरूले आफ्नो सम्पदा, भूमि र सुरक्षाको रक्षा गर्ने पनि उनले बताए ।'हामी सहरको जनसङ्ख्या दोब्बर गर्नेछौँ' अगाडि उनले भने । इजरायलले लामो समयदेखि वेस्ट बैंकमा ईवान नामक लगभग १२ वर्ग किलोमिटर जमिनमा यहुदी बस्ती स्थापना गर्ने योजनामा काम गरिरहेको छ । तर अन्तर्राष्ट्रिय विरोधका कारण यो योजना वर्षौंदेखि अड्किएको थियो । बस्ती निर्माण भइरहेको ठाउँ इजरायली बस्ती माले अदुमिम र जेरुसेलम बिचको क्षेत्र हो । यो नयाँ बस्ती प्यालेस्टाइनको उत्तरी र दक्षिणी क्षेत्रहरूलाई जोड्ने बाटोमा रहेको छ । यो ठाउँमा इजरायलले ३ हजार ४०० घर बनाएर यहुदी बस्ती स्थापना गर्नेछ ।

## पाकिस्तान: बाढी प्रभावित २० लाखभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारियो



***काठमाडौं,२७ भदौ ।***

पाकिस्तानको पञ्जाब प्रान्तमा आएको बाढीका कारण प्रभावित २० लाखभन्दा बढी मानिसहरूलाई सुरक्षित स्थानमा सारिएको छ । देशको पूर्वी भाग बाढीबाट सबैभन्दा बढी प्रभावित भएको अधिकारीहरूले बताएका छन् । सिन्ध प्रान्तमा पनि १ लाख ५० हजार मानिसहरूलाई सुरक्षित स्थानमा सारिएको पाकिस्तानका राष्ट्रिय विपद् व्यवस्थापन प्रमुख इनाम हैदर मलिकले बताएका छन् । स्थिति बिग्रिँदै गएकोले आगामी दिनमा यो सङ्ख्या अझ बढ्न सक्ने पनि उनले बताएका छन् । गएको जुनको अन्त्यदेखि मनसुनी वर्षाका कारण देशभर ९०० भन्दा बढी मानिसहरूको मृत्यु भइसकेको समाचारमा उल्लेख छ । जलवायु परिवर्तनले हालैका वर्षमा पाकिस्तानको बाढीको अवस्थालाई बढी गम्भीर बनाएको छ । सरकारले राम्रो सतर्कता प्रणाली र बलियो पूर्वाधार सिर्जना गर्ने जस्ता विपद्सँग जुध्ने उपायमा समयमै लगानी नगरेको गुनासो आलोचकहरूको छ ।

## अहमदाबाद विमान दुर्घटना: पानी ट्याङ्की चुहावटकै कारण सर्ट सर्किट



***काठमाडौं,२७ भदौ ।***

सन् २०२५ जुन १२ मा अहमदाबाद विमानस्थलबाट उडान भरेको एयर इन्डियाको एआई-१७१ उडान केही बेरमै दुर्घटनाग्रस्त हुँदा २६० जनाको ज्यान गएको थियो । यो घटनामा पाइलटको गल्ती नभई विमानको पानी ट्याङ्की चुहावटका कारण सर्ट सर्किट भएको नयाँ दाबी सार्वजनिक भएको छ । अमेरिकी नागरिकका परिवारहरूको तर्फबाट वकालत गर्दै आएका अमेरिकी वकिल माइक एन्ड्र्यूजले नयाँ प्रमाण प्रस्तुत गर्दै विमानको ब्ल्याक बक्स (उडान डेटा रेकर्डर) को विवरण माग गरेका छन् । उनका अनुसार, पानी चुहावटकै कारण इन्धन नियन्त्रण प्रणालीमा सर्ट सर्किट भई इन्जिन अचानक बन्द भएको सम्भावना प्रष्ट देखिएको छ । एन्ड्र्यूजले पाइलटले कुनै गल्ती नगरेको स्पष्ट गर्दै, दुर्घटना शुद्ध रूपमा प्राविधिक दोषका कारण भएको बताएका छन् । उनले अमेरिकी संघीय उड्डयन प्रशासन (एफएए) ले मे १४, २०२५ मा जारी गरेको निर्देशनलाई प्रमाणका रूपमा प्रस्तुत गरेका छन् । उक्त निर्देशनमा बोइङ ७८७-८, ७८७-९, ७८७-१० मोडेलका विमानमा पानी ट्याङ्की चुहावटका धैरै घटना रिपोर्ट भएको उल्लेख थियो । एफएएले चेतावनी दिँदै भनेको थियो – पानी चुहावटका कारण इलेक्ट्रोनिक उपकरणहरू भिजेर सर्ट सर्किट हुने खतरा हुन्छ ।

एन्ड्र्यूजले यही चेतावनी दुर्घटनामा परेको एयर इन्डियाको ७८७-८ ड्रीमलाइनर मा पनि लागू भएको बताए । दुर्घटनामा परी ज्यान गुमाउनेका परिवारले अब घटनाको वास्तविक कारण छानबिन गर्न दबाब बढाएका छन् ।

### जंगीअड्डा होइन.................

भित्ताबाट निस्केर जनताको घरदैलोमा कहिल्यै नपुगेका बालेनले सिंहदरबारमा आगो झोसिँदाझोसिँदै संसद् विघटन र सेनापतिसँग वार्ता गर्ने आदेश आन्दोलनकारीलाई किन दिए ? कुन वैचारिकीमा टेकेर दिए ? त्यसपछि नै होइन राष्ट्रपतिबाट जारी हुनुपर्ने विज्ञप्ति सेनाले जारी गरेको ? यो त्रासदीको बीचमा जनतालाई आश्वस्त पार्न राष्ट्रपतिले गर्नुपर्ने सम्बोधन सेनापतिले गरेको पनि त्यसपछि नै होइन ? राज्यका प्रमुख अंग जोगाउन र सम्हाल्न अघि नसरेको जंगीअड्डा अचानक राजनीति सम्हाल्न कसरी अघि सऱ्यो ? के देशमा संकटकाल घोषित छ ? कुनै वैधानिक प्रक्रियाबिनै जंगीअड्डाले राज्य नै सम्हाल्ने वैधानिकता कहाँबाट पायो ? केवल भ्रष्टाचारको विरोध मात्र होइन, त्योभन्दा धेरै गहिरा सामाजिक मुद्दाहरू जेन-जीले सधैंभरि उठाइरहेका छन् । उनीहरू जात व्यवस्था भत्काउने दलित मुक्तिको मुद्दामा पनि सक्रिय छन् । उनीहरू पितृसत्ताको जन्जिर तोडेर महिला समानता स्थापित गर्ने मुद्दामा पनि लडिरहेका छन् । जनजाति, आदिवासी, मधेशी, थारूलगायत अल्संख्यक र सीमान्तकृत समुदायलाई विभेदबाट मुक्त गर्ने र राज्यको मूलधारमा ल्याउने एजेन्डामा पनि उनीहरूको निरन्तर योगदान छ । गरिब जनताको आर्थिक अधिकार स्थापित गर्ने मुद्दामा पनि जेन-जी छन् । साभार ईकान्तिपुर ।

### अहिले हामी कहाँ............

जवाफदेही हुनु पर्दैन भन्ने अर्को भाष्य स्थापित गर्छ । हामी कसैले पनि त्यसलाई प्रोत्साहन गर्नु हुँदैन । एक सेकेन्ड पनि खेर जान दिँदैनौं भन्नेतर्फ सबै दृढ हुनुपर्छ । **अहिलेको हाम्रो अवस्था के हो ?**

राजनीतिको साँघुरो घेरा भयो । त्यसमा पनि सीमित पात्र र मुद्दा केन्द्रित भए । दैनिक जनजीवनका मुद्दा र रोजगारी सिर्जनामा सिंगो राज्य नै प्रभावकारी भएन । यसका प्रमुख कारणहरू राजनीतिमा रहेका पात्र र प्रमुख राजनीतिक दलका नेताहरूले सबै निर्णय लिने संस्कार हो । शक्ति सन्तुलन भएन । भ्रष्टाचार बढ्यो । यस्ता तर्कहरू समाजमा भुसको आगो जस्तै सल्कँदै थियो । सक्रिय राजनीतिमा रहेकाहरू पनि यस्ता तथ्यहरूलाई स्वीकार गर्ने गर्थे । त्यसै सिलसिलामा घट्यो भदौ २३ र २४ को घटना । सामान्यतया ठूला आन्दोलन हेऱ्यो भने आन्दोलनको सिलसिलामा मुद्दा र नेतृत्वमा प्रस्टता आउँछ । तर यहाँ केही घण्टामा परिस्थिति असामान्य बन्यो । अब के गर्ने भन्नेबारेमा प्रस्ट दर्शन र विधि निर्धारण भएको छैन । साभार ईकान्तिपुर ।

### संविधान र लोकतन्त्र..

अर्को प्रदर्शन भएको थियो । उनले संविधानमाथि भइरहेको चुनौतीलाई गम्भीर बताउँदै भने, "संविधान च्यातिनु मात्र कागज फाट्नु होइन, यो हाम्रो संघर्ष, बलिदान र पहिचानमाथिको चोट हो ।" फतुवा विजयपुरका प्रदर्शनकारीहरूले पनि "संविधानको रक्षा गरौं, लोकतन्त्र बचाऔं, विदेशी हस्तक्षेप बन्द गर" भन्ने नारा लगाउँदै बजार परिक्रमा गरेका थिए । कार्यक्रममा कांग्रेसका निवर्तमान नगर प्रमुख गोपाल राय यादवले संवैधानिक सीमाभित्र रहेर समाधान खोज्नुपर्नेमा जोड दिए ।

### बीरगन्ज भन्सारमा....

करिब अर्बौं राजस्व नोक्सानी भएको हो ।कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीका अनुसार मंगलबार र बुधबार राजस्व संकलन लगभग बन्द भए पनि बिहीबारदेखि पेट्रोलियम पदार्थ, ग्यासका बुलेट र औषधिजन्य सामग्रीको भन्सार जाँचपास सुरु गरिएको छ । सोही दिन करिब १० करोड रुपैयाँ राजस्व संकलन भएको उनले बताए । उनका अनुसार शुक्रबारदेखि अत्यावश्यक वस्तुसँगै औद्योगिक सामग्रीको पनि जाँचपास प्रक्रिया अघि बढाइनेछ । स्थानीय प्रशासनले आवश्यक सुरक्षा प्रदान गरेपछि अन्य मालसामान पनि पठाउन सकिने जानकारी दिइयो । गत आव २०८१/८२ मा बीरगन्ज भन्सारलाई दुई खर्ब १८ अर्बभन्दा बढी राजस्व लक्ष्य तोकिए पनि करिब ८० प्रतिशत मात्रै संकलन भएको थियो । चालु आवमा बीरगन्ज भन्सार र सुक्खा बन्दरगाह भन्सार गाभिएर साउन महिनामा मात्र १८ अर्ब ३९ करोडभन्दा बढी राजस्व संकलन भएको छ ।

### जलेश्वर कारागार......

जलेश्वरका निमित्त प्रमुख रबिन्दचन्द्र ठाकुरले बताए । भारतीय प्रहरीले पक्राउ गरेका फरार १२ जना कैदीबन्दीहरुलाई नेपाल प्रहरीलाई जिम्मा लगाएको थियो ।

दुवै देशको प्रहरीबीच समन्वयपश्चात् महोत्तरीको भिट्ठामोड सीमामा ९ जिम्मा लगाए भने ३ जनालाई मनराशिसवा-१० स्थित बथनाहा चौकीमा कारागारबाट फरार कैदीलाई भारतीय प्रहरीले पक्राउ गरी नेपाली प्रहरीलाई जिम्मा लगाएका थिए ।

### असोज २ गते.............

देखि असार २ गतेसम्म धितोपत्रको दोस्रो बजार कारोबार बन्द रहने व्यहोरा जानकारी गराइन्छ,' नेप्सेको सूचनामा भनिएको छ ।यसअघि पनि नेप्सेले गत बुधबार र बिहीबार सेयर बजार बन्द गरेको थियो ।

# स्वास्थ्य

## महिनावारीको बेला शारीरिक सम्बन्ध राख्नु कति सुरक्षित ?



यदि गर्भधानको योजना छैन भने यौन सम्पर्क गर्दा सुरक्षित विधि अपनाउनुपर्ने हुन्छ । किनभने महिनावारी चक्र नियमित भएको अवस्थामा महिनावारीको १० देखि २२ दिनसम्म यौन सम्पर्क गर्दा गर्भ रहने सम्भावना उच्च हुन्छ । त्यसैले सुरक्षित महिनावारी हुनुअघि र पछिको केही दिनसम्म यौन सम्पर्क गर्न सुरक्षित मानिन्छ, कुनै साधनको प्रयोगविना पनि । यद्यपि महिनावारी भएको बखत यौन सम्पर्क गर्नु चाहिं हुन्छ कि हुँदैन ? यो प्रश्न खासगरी दुई अर्थमा गर्नुपर्ने हुन्छ । एउटा त यौनाङ्गको स्वच्छता र अर्को चाहिं गर्भ रहने नरहने स्थिति । दम्पतीमा यसबारे द्विविधा छ । तर दुवै पार्टनरलाई महिनावारीको समयमा यौन सम्पर्क गर्न इच्छा छ भने त्यसमा कुनै समस्या हुँदैन । यद्यपि महिनावारीको समयमा अन्य बेलाभन्दा यौन प्रसारित रोग लाग्ने सम्भावना अत्यधिक लाग्ने कारण अस्थायी साधनको प्रयोग भने गर्नुपर्छ । **गर्भ रहने सम्भावना कति ?** नियमित महिनावारी हुने महिलामा त्यस समय यौन सम्बन्ध बनाउँदा गर्भ रहँदैन । तर अनियमित महिनावारी हुने र छोटो महिनावारी चक्र छ भने महिलामा गर्भ रहने जोखिम हुन्छ । जस्तै, नियमित महिनावारी हुने महिलाले धेरैपछि रक्तश्राव हुँदा महिनावारी भन्ने सोचेर त्यस समयमा यौन सम्बन्ध राखेमा गर्भ रहन सक्छ । यौन सम्बन्ध राख्दा महिनावारी चक्र नियमित छ छैन भन्ने कुरामा निश्चित हुनुपर्छ । त्यस्तै, जुन महिलाको महिनावारी चक्र छोटो अवधि अर्थात् २८ दिनको छ भने सात दिनमा पनि डिम्बाशय बन्न सक्छ । जसले गर्दा महिनावारीको चार-पाँच दिनमा यौन सम्बन्ध राखे पनि गर्भ रहन सक्छ । यदि ३० दिनमा महिनावारी हुने गरेको छ भने डिम्बाशय ढिला बन्छ, जसकारण महिनावारी भएको ६-७ दिनमा सम्बन्ध कायम राखे पनि गर्भ रहने सम्भावना कम हुन्छ ।

यदि महिनावारीको समयमा पनि नियमित गर्भ निरोधक औषधि जारी राखिएको छ भने पनि गर्भवती हुने सम्भावना हुँदैन । महिनावारी होस् वा नहोस् चक्कीले काम गर्न छाड्दैन । महिनावारी भएको अवस्थामा यौन सम्बन्ध बनाउनु परे कण्डम वा गर्भनिरोधक चक्कीको प्रयोग गर्नु सुरक्षित हुन्छ । **संक्रमणको जोखिम हुन्छ ?** महिनावारीको समयमा यौन सम्बन्ध कायम राखेमा यौन प्रसारित संक्रमण हुने जोखिम बढी हुन्छ । किनभने भाइरसहरू रगतमा बस्छन् र रगतको सम्पर्कबाट यौन रोग फैलिन सक्छ । यौन सम्पर्क गर्दा कण्डमको प्रयोगले यौन प्रसारित रोग फैलिने जोखिम कम गर्न सकिन्छ ।

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार
महागढीमाई नगरपालिकाको कार्यालय
बरियारपुर, बारा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।
फेटा गाँउपालिकाको कार्यालय, फेटा, बारा

निर्धारित मापदण्दको पाल्ना गरौ, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।
करैयामाई गाउँपालिकाकोकार्यालय
करैया, बारा

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पटेर्वा सुगौली गाउँपालिकाको कार्यालय
पटेर्वा सुगौली, पर्सा

# जेनजी आन्दोलनले बीमा क्षेत्रमा भूकम्पभन्दा ठूलो नोक्सानी पुऱ्यायो



***काठमाडौं, २७ भदौ ।***

जेनजी आन्दोलनले नेपालका बीमा कम्पनीहरूलाई ठूलो आर्थिक दबाबमा पार्ने स्थिति सिर्जना गरेको छ । आन्दोलनको क्रममा सरकारी, निजी र औद्योगिक सम्पत्तिमा भएको तोड़फोड र आगजनीले निर्जीवन बीमा र रिइन्स्योरेन्स कम्पनीहरूलाई अर्बौं रुपैयाँ दाबी भुक्तानीको दायित्वमा ल्याएको छ । **आन्दोलनका क्रममा भएको नोक्सानी** २३ भदौदेखि सुरु भएको आन्दोलनका क्रममा पहिलो दिन १९ युवाको मृत्यु भयो । हालसम्म मृतकको संख्या ५० नाघिसकेको छ । दोस्रो दिन, मंगलबार, प्रदर्शनकारीले सिंहदरबार, सर्वोच्च अदालत, निजी व्यवसाय र औद्योगिक क्षेत्रहरूमा तोड़फोड, आगजनी र लुटपाट गरे । प्रभावित निजी सम्पत्तिमा: भाटभटेनी स्टोर, चौधरी ग्रुपका गाडी शोरुम, टाटा मोटर्स शोरुम, सीजी इलेक्ट्रोनिक्स कारखाना, बैंक शाखा कार्यालय आदि रहेका छन् । **बीमा क्षेत्रको दायित्व** बीमा क्षेत्रका पूर्वअध्यक्ष तथा सगरमाथा लुम्बिनी इन्स्योरेन्सका प्रमुख चंकी क्षेत्रीका अनुसार, जेनजी आन्दोलनले सिर्जना गरेको दाबी भुक्तानीको दायित्व २०७२ सालको भूकम्पको भन्दा बढी हुने अनुमान छ । भूकम्पमा करिब १८ अर्ब रुपैयाँको दायित्व बीमा क्षेत्रमा परेको थियो, तर मंगलबारको आन्दोलनमा भएको क्षतिको दाबी त्यसभन्दा ठूलो हुने देखिएको छ । **बीमा कम्पनी र प्राधिकरणको तयारी** जलेर नष्ट भएका सम्पत्ति र गाडीहरूको दाबी भुक्तानी बीमा कम्पनीमार्फत हुने योजना बनाइएको छ । नेपाल बीमा प्राधिकरणले सम्पत्ति, मोटर, सामुद्रिक, इन्जिनियरिङ, हवाई, कृषि, पशुपन्छी तथा विविध बीमा लेखमा दाबी छिटो र सहज रूपमा भुक्तानी गर्न निर्देशन दिइसकेको छ। सरकारी कार्यालय र अन्य संरचना पनि बीमा भएका छन्, तर सबैको प्रमाणित विवरण उपलब्ध छैन । जेनजी आन्दोलनले बीमा क्षेत्रमा वित्तीय दबाब र जोखिम वृद्धि गराएको छ । सरकारी र निजी कार्यालय, उद्योग, गाडी र सार्वजनिक संरचनामा भएको क्षति विश्लेषण गरेर बीमा दाबी भुक्तानीको प्रक्रिया सुरु गरिएको छ ।

# सिंहदरबार जलेपछि प्रधानमन्त्री स्वागतको लागि नयाँ भवन तयार



***काठमाडौं, २७ भदौ ।***

गृह मन्त्रालयको नयाँ निर्माणाधीन भवनलाई अन्तरिम सरकारका प्रधानमन्त्रीको कार्यकक्षको रूपमा व्यवस्थित गर्ने तयारी सुरु गरिएको छ । जेन-जी आन्दोलनका क्रममा सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय जलेर खरानी भएपछि नयाँ कार्यालय व्यवस्थापन आवश्यक भएको हो । अहिले निर्माणको अन्तिम चरणमा पुगेको नयाँ गृह मन्त्रालय भवनलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका रूपमा प्रयोग गर्न तयारी भइरहेको छ । भवनको सरसफाइ र आवश्यक सामग्रीको व्यवस्थापन पूरा गर्न सुरु गरिएको छ । जेन-जी आन्दोलनको समयमा अन्य सरकारी भवन जलाए पनि यो निर्माणाधीन भवन सुरक्षित रह्यो । सिंहदरबारको मुख्य भवन जलेर ध्वस्त भएपछि प्रधानमन्त्री कार्यालयका लागि विकल्पको रूपमा यो भवन चयन गरिएको हो । सिंहदरबारको मुख्य भवनमा अहिलेसम्म प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय रहेको थियो । आन्दोलनका क्रममा भएको आगलागी र तोडफोडले उक्त भवनलाई पूर्ण रूपमा असक्षम बनाएको थियो । त्यसैले नयाँ भवनमा कार्यकक्ष व्यवस्थित गरेर प्रधानमन्त्रीको स्वागत तयारी भइरहेको गृह मन्त्रालयले जनाएको छ ।

# सुन तस्करीका नाइके गोरे कारागार फर्किने तयारीमा



***काठमाडौं, २७ भदौ ।***

३८ क्विन्टल सुन तस्करीमा संलग्न रहेको आरोपमा सजाय पाएका चुडामणि उप्रेती (गोरे) सुन्धारा कारागार फर्किने तयारीमा छन् । कारागार प्रशासनका अनुसार, उनका आफन्तले कारागारसँग सम्पर्क गरी गोरेको फर्कने जानकारी दिएका छन् । घटनाक्रम जेनजी आन्दोलनको क्रममा २४ भदौमा गोरेसहित केही व्यक्ति सुन्धारा कारागारबाट भागेका थिए । गोरे २०१५ देखि २०१८ फेब्रुअरीसम्म साढे ३८ क्विन्टल सुन तस्करीमा संलग्न रहेको छानबिन समितिले निष्कर्ष निकालेको थियो । सुन तस्करी प्रकरणमा ९ जना प्रहरीसहित ६३ जनाविरुद्ध मुद्दा दर्ता भए पनि सुन बरामद नभएपछि जिल्ला अदालत, मोरङले सबैलाई सफाइ दिएको थियो । कानुनी परिणाम सनम शाक्य हत्या प्रकरणमा गोरेसहित ६ जनालाई जन्मकैदको फैसला सुनाइएको थियो । अन्य दुई जनालाई क्रमशः ३ वर्ष र ६ महिनाको कैद सजाय दिइएको थियो । हालसम्म जन्मकैद सजाय पाएका गोरे सम्पर्कविहीन रहेका थिए। कारागार प्रशासनले गोरे फर्किएपछि उनीसहित कारागारमा रहेका अन्य कैदीबन्दीको व्यवस्थापनको तयारी समेत थालेको छ ।

# मधेस केन्द्रित दलभित्र मतविभाजन: संसद् जोगाउने कि विघटन गर्ने?



***काठमाडौं, २७ भदौ ।***

जेन-जी आन्दोलनपश्चात उत्पन्न राजनीतिक अस्थिरतामा संसद् जोगाउने कि विघटन गर्ने भन्ने विषयमा मधेस केन्द्रित दलहरूबीच मतभेद देखिएको छ । प्रमुख दलहरूले संसद् विघटन नगरी राजनीतिक निकास खोज्न आग्रह गरे पनि मधेस केन्द्रित सात दलको गठबन्धन संघीय लोकतान्त्रिक मोर्चाभित्र स्पष्ट मतभेद देखा परेको छ । **मोर्चाको आधिकारिक धारणा** संघीय लोकतान्त्रिक मोर्चाका सचिवालय संयोजक डा. शिवजी यादवले जारी विज्ञप्तिमा भनेका छन् – "जनतामा निहित सार्वभौमसत्ता, संविधान र संसदको प्रतिकूल हुने कुनै पनि कार्य मोर्चाले स्वीकार गर्न सक्दैन ।" **संसद् विघटनको पक्षमा** राजेन्द्र महतो, राष्ट्रिय मुक्ति पार्टी अध्यक्ष, संसद् विघटनको पक्षमा रहेका छन् । उनी संसद् रहँदा आन्दोलनकारी भावना अनुसार अन्तरिम सरकार गठन असम्भव भएको दाबी गर्दै संविधान सुझाव सुधार आयोग बनाएर नयाँ संविधानको पुनर्लेखनको माग गरेका छन् । डा. सीके राउत, जनमत पार्टी अध्यक्ष,ले सुरुवातीमा सांसदहरूको सामूहिक राजीनामा गर्दै संसद् विघटनको औचित्य देखाउन खोजेका थिए । तर पछिल्लो वक्तव्यमा उनले संसद् विघटनलाई देशको लागि घातक भन्दै संविधान र संसद् बचाउनुपर्ने धारणा सार्वजनिक गरेका छन् । **संसद् जोगाउने पक्षमा** उपेन्द्र यादव, जनता समाजवादी पार्टी (जसपा) नेपाल अध्यक्ष, संसद् र संविधानको संरचना कायम राख्दै संशोधनमार्फत सुधार गर्नुपर्ने पक्षमा छन् ।

वृषेशचन्द्र लाल, तराई-मधेस लोकतान्त्रिक पार्टी अध्यक्ष,ले संविधान अनुसार नै सबै राजनीतिक प्रक्रिया अघि बढ्नुपर्नेमा जोड दिएका छन् । रेशम चौधरी, नागरिक उन्मुक्ति पार्टी संरक्षक,ले आन्दोलनको सुरुआतमै सांसदहरूलाई राजीनामाको सुझाव दिएका थिए, तर अहिलेसम्म कुनै सांसदले राजीनामा दिएका छैनन् ।

# खाद्यको लहान गोदामबाट करिब ११ करोडको खाद्यान्न लुटियो



***काठमाडौं, २७ भदौ ।***

खाद्य व्यवस्था तथा व्यापार कम्पनीको लहान गोदामबाट खाद्यवस्तु र जुटका बोरासहित १० करोड ९१ लाख रुपैयाँ लुटपाट भएको छ । कम्पनीका प्रमुख कार्यकारी निर्देशक रमेश आचार्यका अनुसार लहान गोदामबाट चामल ८ सय १४ टन, चिनी ३ सय २२ टन र ५ टन धान लुटिएको छ । त्यस्तै, ९८ हजार ८ सय १५ पिस जुटका बोरा लुटिएको उनले बताए । जेन-जी आन्दोलनको मौका छोपेर गोदाममा लुटपाट भएको हो । 'रकमको हिसाबमा करिब १० करोड ९१ लाखको लुटपाट भएको छ,' निर्देशक आचार्यले भने, 'खाद्यवस्तु र जुटका बोरासँगै कार्यालय, गाडी, मोटरसाइकलमा पनि आगलागी भएको छ ।' हाल खाद्य कम्पनीको कोशी प्रदेश कार्यालयअन्तर्गत गोदाममा ३ हजार १ सय ७९ टन चामल, मधेश प्रदेशमा ५ हजार १ सय २४ टन चामल, बागमती प्रदेशमा २ हजार ३ सय ८८ टन चामल मौज्दात छ । गण्डकी प्रदेशमा ९ सय ६० टन, लुम्बिनी प्रदेशमा ७ हजार ८ सय ४५ टन, कर्णाली प्रदेशमा ४ हजार ९ सय ९२ टन र सुदुरपश्चिम प्रदेशमा ३ हजार ५ सय ९९ टन चामल मौज्दात रहेको कम्पनीले जनाएको छ ।

# जलेश्वर कारागारबाट फरार ५७५ कैदीबन्दीमध्ये ७६ फर्किए

***जनकपुर, २७ भदौ ।***

जलेश्वरस्थित कारागार कार्यालय महोत्तरीबाट फरार भएको कैद बन्दीमध्ये ७७ जना फर्किएका छन् । जेनजीको आन्दोलनको क्रममा कारागारबाट भागेका ५ सय ७५ जनामध्ये सुरक्षा निकायले पक्राउ गरी १३ जना र स्वेच्छाले ६३ जना कारागारमा फर्किएर आएको हो । कारागारबाट १ जना कैदी भाग्न मानेका थिएन । प्रहरीले पक्राउ गरेको र स्वेच्छा गरी ७६ जना भागेका कैदीहरु फर्किएको कारागार कार्यालय महोत्तरी

बाँकी तेश्रो पृष्ठमा


नेपाल पोष्ट डेली ई -पेपरका लागि स्क्यान गर्नुहोस्


# असोज २ गतेसम्म सेयर बजार बन्द

***काठमाडौं, २७ भदौ ।***

धितोपत्रको दोस्रो बजार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) असोज २ गते बिहीबारसम्म बन्द हुने भएको छ । नेप्सेले शुक्रबार सूचना जारी गरेको उक्त जानकारी दिएको छ । यो अवधिमा राजनीतिक अस्थिरता भएको भन्दै आउँदो साता सेयर बजार बन्द निर्णय नेप्सेले गरेको हो । 'धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त भएअनुसार भदौ २९

बाँकी तेश्रो पृष्ठमा


बाढीबारे चासो राखौं, चनाखो बनौं

बाढी र डुबान हुनुपूर्वको तयारी:

- बर्षायाममा सधै मोबाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं,
- बर्षा र बाढीको अवस्थाबारे टोल फ्रि नम्बर ११५५ वा सञ्चार माध्यमबाट जानकारी लिने गरौं,
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौं, तत्काल सहायता चाहिएमा सम्पर्क गरौं,
- गाउँ, टोल, वडामा रबरका डुङ्गा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्री तयारी अवस्थामा राखौं,
- आपतकालितन अवस्थाकालागि अन्न, दाल, नून, तेल, पानी सफा गर्ने औषधी र साबुनजस्ता सामाग्री घरको अग्लो ठाउँमा राखौं,
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे पहिल्यै थाहा पाइराखौं,
- नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाको जानकारी लिऔं ।

नेपाल सरकार विज्ञापन बोर्ड

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।

पकहामैनपुर गाउँपालिकाको कार्यालय, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।

ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।

विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।

जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।

छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा